मुनाफिक (पाखण्डी, कपटी) को उदाहरण त्यस्तो बाख्राजस्तै हो, जुन दुई बथान बीच अलमल्ल पर्छ, कहिले यस बथानतिर जान्छ त कहिले त्यस बथानतिर।।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले भन्नुभयो : "मुनाफिक (पाखण्डी, कपटी) को उदाहरण त्यस्तो बाख्राजस्तै हो, जुन दुई बथान बीच अलमल्ल पर्छ, कहिले यस बथानतिर जान्छ त कहिले त्यस बथानतिर।।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ कि पाखण्डीको अवस्था दुविधा र अलमलमा परेको बाख्रा जस्तै हुन्छ, जसलाई बाख्राको कुन समूहसँग बस्ने भनेर थाहा हुँदैन, कहिले यो बथानमा जान्छ त कहिले त्यो बथानमा । पाखण्डीहरूले ईमान र कुफ्र (विश्वास र अविश्वास) को बीचमा भ्रमको जीवन बिताउँछन् । तिनीहरू बाहिरी र भित्री रूपमा नत मुस्लिमहरूसंग हुन्छन् नत काफिरहरूसँग नै। बरू उनीहरू बाहिरी रूपमा मुस्लिमहरूसँग देखिएपनि भित्री रूपमा शंका र द्विविधाको अधीनमा हुन्छन् । त्यसैले कहिले यतातिर झुक्छन् त कहिले उतातिर।

https://sunnah.global/hadeeth/ne/show/65019